# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## ईशनाथ नगरपालिका
## रौतहट




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**बबरमहल, काठमाडौं, नेपाल**

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७८।७९
च. नं. ११७

मितिः २०७८।५।४

श्री प्रमुखज्यु
ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रौतहट।

बिषयः लेखापरीक्षण प्रतिबेदन

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः०७८।७९

च.नं.: ५६

मितिः२०७८।५।४

श्री प्रमूखज्यू,

ईशनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रौतहट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

## कैफियत सहितको राय

हामीले ईशनाथ नगरपालिका, रौतहटको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना ३६ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु १६ करोड ८ लाख ४४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ९ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ७ करोड ६० लाख ८७ हजार नियमित गर्नुपर्ने रु. ३ करोड २९ लाख. ५५ हजार जिम्मेवारी रु ३१ लाख ४० हजार पेश्की बाँकी रु ४ करोड ७७ लाख ७ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**ईशनाथ नगरपालिका, रौतहट**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

ब उ शि नं बिभिन्न कार्यालयको नामः ईशनाथ नगरपालिका रौतहट । आ.व. २०७६।७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| | **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ईशनाथ नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु ईशनाथ नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ३५.१७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१ हजार ४३५ जनसंख्या रहेको छ । | |
| १. | **प्राप्ति र भुक्तानी हिसाबको अवस्था**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम ईशनाथ नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७६।७७ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ | |

ईशनाथ नगरपालिकाको कार्यालय

प्राप्ति र भुक्तानी हिसाब

आर्थिक वर्षः २०७६।७७

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि न | विवरण | रकम | सि न | विवरण | रकम |
| १ | गत वर्षको मौज्दात | ५४७७२३२।६३ | १ | संघिय समानिकरण अनुदान | ९४२०००००० |
| क | संचित कोष खाता २२४७५७ | | २ | संघिय सशर्त अनुदान | ११२०२०४४७।१२ |
| ख | चालु खर्च खाता ४९९००।१५ | | ३ | संघिय समपुरक अनुदान | ३४००००० |
| ग | पुँजि खर्च खाता ० | | ४ | संघिय राजश्व वाँडफाँड | ७४८०००३१।७४ |
| घ | धरौटि खाता ५२०२५७५।२४ | | ५ | प्रदेश समानिकरण अनुदान | ७३८३६३३।६६ |
| २ | आन्तरिक आय | ३८१६३३३।०५ | ६ | प्रदेश सशर्त अनुदान | ९९४०९६३ |
| क | कर दस्तुर सेवा शुल्क १४०८८३३।०५ | | ७ | प्रदेश विशेष अनुदान | १८१५६६३।५० |
| ख | जिससवाट प्राप्त १८२०००० | | ८ | प्रदेश समपुरक अनुदान | १७१०६९४।५० |
| ग | धरौटि वाटको प्राप्त आय खातमा ५८७५०० | | ९ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग चालु | ६९७८०० |
| | | | १० | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुँजिगत | २०६००० |
| ३ | संघिय समानिकरण अनुदान | १२७७००००० | ११ | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | १३७७१७६०० |
| ४ | संघिय सशर्त अनुदान | १२३३७८००० | १२ | स्थानिय पुर्वाधार विकाश साझेदारी कार्यक्रम | ९९०८२९ |
| ५ | संघिय समपुरक अनुदान | ३४००००० | १३ | वहुक्षेत्रिय पोषण कार्यक्रम | ६४४९९५।५६ |
| ६ | संघिय राजश्व वाँडफाँड | ५९३३२२४१।८२ | १४ | प्रदेश तथा स्थानिय तह क्षमता विकाश कार्यक्रम | ३५०३८० |
| ७ | प्रदेश समानिकरण अनुदान | ७३८५५०० | १५ | युनिसेफ नेपाल | २४६३००९।०८ |
| ८ | प्रदेश सशर्त अनुदान | १०००००००० | १६ | राजश्व वाँडफाँड(आन्त्रिक राजश्व घर जग्गा रजिष्ट्रषन शुल्क ) | ४१८१३७१ |
| ९ | प्रदेश विशेष अनुदान | ३०००००० | १७ | वेटि पढाउ वेटि वचाउ | ५०००० |
| १० | वेटि पढाउ वेटि वचाउ | ५०००० | १८ | धरौटि | ६०१४०६७।४२ |
| ११ | प्रेदेश समपुरक अनुदान | ४०००००० | १९ | प्रकोप व्यवस्थापन कोष | ३५७२३४५८।२० |
| १२ | प्रदेश सरकार प्रकोप नियन्त्रण तथा राहत | १५००००० | २० | | |
| १३ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग चालु | ६९७८०० | २१ | बैंक मौज्दात | ६५८८६५६।७२ |
| १४ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुँजिगत | २०६००० | | संचित कोष खाता ८२०००० | |
| १५ | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | १३७७१७६०० | क | चालु खर्च खाता ११७६६३।२० | |
| १६ | स्थानिय पुर्वाधार विकाश साझेदारी कार्यक्रम | ९९०८२९ | ख | पुँजि खर्च खाता १९३९१२२।६४ | |
| १७ | वहुक्षेत्रिय पोषण कार्यक्रम | ६४४९९५।५६ | ग | धरौटि खाता ३०३९२५९।६८ | |
| १८ | प्रदेश तथा स्थानिय तह क्षमता विकाश कार्यक्रम | ३५८४०३ | घ | प्रकोप व्यवस्थापन कोष २७६५४०।७० | |
| १९ | युनिसेफ नेपाल | २५९४४५० | ङ | आन्तरीक राजश्व ३९६०७०।५० | |
| २० | राजश्व वाँडफाँड | ४७९९४६५ | | | |
| २१ | धरौटि | ३८५०७५१।८६ | | | |
| | जम्मा | ५००८९९६०१।१२ | | | ५००८९९६०१।१२ |

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>

- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.३२०८११९३।७३. ले फरक देखिएको छ ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८६१७६३५।८९ मौज्दात कायम भएकोमा यो बर्षको आय ब्यय बिबरणमा रु.५४७७२३२।६३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ३१४०४०३।२६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु........</td><td>३१४०४०३।२६</td></tr>
<tr><td>३.</td><td>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>६८६१५००</td><td>६४३६५०५</td><td>९३.८१</td></tr>
<tr><td>सामाजिक बिकास</td><td>१३६८३५०००</td><td>१२४२०८००७</td><td>९०.७७</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>९९६८१५००</td><td>९४८४५३१२</td><td>९५.१५</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५०९१०००</td><td>१९९१४७०</td><td>३९.११</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक</td><td>१३१३२६००</td><td>१०५७७८२०१</td><td>८०.५५</td></tr>
<tr><td>जम्मा</td><td>३७९७५५०००</td><td>३३३२५९४९६</td><td>८७.७४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.</td><td>खर्च बिश्लेषणः नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु १९९६३३३।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ३३८१९५७४१ समेत रु ३४०१९२०७४ आम्दानी भएकोमा चालु तर्फ रु १८४०९३२९०र पूँजिगत तर्फ रु १४९१६६२०५ समेत रु ३३३२५९४९५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा .५९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १९०५००० खर्च भएको छ जुन आन्तरिक आयको ९५.४२ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.४३ प्रतिशत चालु र ४४.१० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>५.</td><td>अनुदान फिर्ता दाखिलाः बिनियोजन ऐन २०७६ को दफा ४ (१२) मा सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं २ को बिनियोजन ऐन २०७६ को दफा ४(१०)मा सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यलय माफर्त प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । तर देहाय बमोजिम सशर्त ,समपुरक र बिशेष अनुदानको रकम रु १४८९०२३१।८८ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेकोले मिति २०७७ १२।१३ मा रु ११२०५१३२।४८ फिर्ता दाखिला भएकोले बाँकी रु ३६८५०९९।४ दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>१२३३७८०००</td><td>११२०२०४४७।१२</td><td>११३५७५५२।८८</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>१००००००००</td><td>९९४०९६३</td><td>५९०३७।००</td></tr>
<tr><td></td><td>विषेश</td><td>३००००००</td><td>१८१५६६३।५</td><td>११८४३३६।५०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>४००००००</td><td>१७१०६९४।५</td><td>२२८९३०५।५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४०३७८०००</td><td>१२५४८७७६८।१२</td><td>१४८९०२३१।८८</td></tr>
</table></td><td>३६८५०९९।४०</td></tr>
<tr><td>६.</td><td>कट्टी भएका कर /अन्य मौज्दातःप्राप्ति र भुक्तानी हिसाबमा आयकर ऐन,मुअकर ऐन तथा अन्य कानुन बमोजिम कट्टी भएको कर तथा अन्य रकम रु ३९४७६४८।२२ मौज्दातमा राखेको देखिएकोले राजश्वको सम्बन्धित शिर्षकमा दाखिला प्रमाण पेश गर्नपर्ने रु</td><td>३९४७६४८।२२</td></tr>
<tr><td>७.</td><td>बैक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले रु ३२०८११९३।७३ बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गरीनुपर्दछ ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>ग २.१चालू खर्च खाता- विजोर वर्ष</td><td>११७६६३।२०</td><td>१६९९२२६९।०३</td><td></td></tr>
<tr><td>ग २.३पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>१९३९१२२।६४</td><td>१८९२८५८४</td><td></td></tr>
<tr><td>ग ४.१स्थानीय तह सञ्चित कोष खाता</td><td>८२००००</td><td>८२००००</td><td></td></tr>
<tr><td>ग ७.२स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>२७६५४०।७०</td><td>२७६५४०।७०</td><td></td></tr>
<tr><td>आन्तरीक आय खाता</td><td>३९६०७०।५०</td><td>३३०४५१</td><td></td></tr>
<tr><td>ग.३ धरौटीखाता</td><td>३०३९२५९।६८</td><td>१३२२००५।७२</td><td></td></tr>
<tr><td></td><td>६५८८६५६।७२</td><td>३८६६९८५०।४५</td><td>३२०८११९३।७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.</td><td>राजश्व खाता सञ्चालनः सरकारी कारोवार निर्देशिका २०७६ बुदा ४.१ मा स्थानिय तहले प्राप्त गर्ने सबै प्रकार राजश्व,अनुदान तथा बित्तीय ब्यबस्था बापतको रकमहरु शुरुमा ग १ समुह अन्तरगत खातामा जम्मा गनुपर्ने उल्लेख छ। यी खाताहरुमा रकम जम्मा गर्न मिल्ने तर खर्च लेख्न नमिल्ने हुदा स्थानिय तह सन्चितकोष खातामा खाता सञ्चालकको संयूक्त दस्तखतबाट बैक आदेश बमोजिम ट्रान्सफर गरिने ब्यबस्था छ ।नगरपालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताहरु नखोलि सबै रकम सिधै सञ्चित कोषमा दाखिला गरेको छ । निर्देशिका बिपरित सिधै सञ्चित कोषमा दाखिला गर्न मिल्ने देखिदैन ।</td><td></td></tr>
<tr><td>९.</td><td>खर्च खाता सञ्चालनः सरकारी कारोवार निर्देशिका २०७६ बुदा ४.२ मा भएको ब्यबस्था अनुसार स्थानिय तहको खर्चको लागी कार्यसञ्चालन स्तरमा खाता खोल्नुपर्दा बर्षभरी निरन्तर चालु राखी आर्थिक बर्षको अन्त्यमा शुन्य गरि आगामी आर्थिक बर्षको लागी नबिकरण गरेर मात्र सञ्चालन गनुपदर्छ । सो प्रयोजनको लागी जोर बर्षमा जोर र बिजोर बर्षको बिजोर अलग अलग खाता खोल्नुपर्ने उल्लेख छ । जुन आर्थिक बर्षको लागी खोलिएको खर्च खाता हो सो आर्थिक बर्षको लागी सो खातामा संचित कोषबाट बजेट अनुसार</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>चौमासिक रुपमा ट्रान्सफर गरी प्राप्त निकासा रकम, कारणबस पेश्की प्रदान गरीएको रकम वा अन्य रकम फिर्ता हुन आएका रकम आर्थिक बर्ष नसकिदै त्यस्तो रकम खातामा जम्मा गर्न सकिनेछ । चालु आ.ब.को आषाढ मसान्तमा यस्ता खाताहरुमा बाकी रहेको रकममध्ये सशर्त,समपुरक र बिशेष अनुदान को प्राप्त रकम सम्बन्धित सरकारलाइ फिर्ता गर्न चेक जारी गनुपर्छ भने समानिकरण ,राजश्व बाडफाड , आन्तरिक श्रोत र ऋण रकम भए सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने ब्यबस्था छ । त्यस्तै आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिन बाकी चेकहरु म.ले.प.फा.नं.२२० भरी सम्बन्धित बैंकलाइ श्रावण ३ गते भित्र उपलब्ध गराइ श्राबण ३० भित्र साटी बाकी रहेको रकम सञ्चितकोष दाखिला गनुपर्ने उल्लेख छ । सो ब्यबस्था बमोजिम नगरपालिकाले कार्य सञ्चालन स्तरका खाताहरु खोलि सञ्चालन गरेको देखिएन । सरकारी कारोवार गर्दा सरकारी कारोवार निर्देशिका पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>संसोधित लेखा ढाँचामा विद्युतिय लेखाङ्कन तथा प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली SUTRA सफ्टवेयर प्रयोग गरी अभिलेख राखेको देखिएन । देहाय म.ले.प. फारामहरुको समेत प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।
<table>
<tr><th>बिबरण</th><th>म.ले.प.फा.नं.</th><th>कैफियत</th></tr>
<tr><td>करदाताको लगत</td><td>१११</td><td></td></tr>
<tr><td>राजश्व आम्दानीको दैनिक बैक भौचर प्राप्त गौश्वरा खाता</td><td>१०६</td><td></td></tr>
<tr><td>राजश्को बैक हिसाब मिलान बिबरण</td><td>१०९</td><td></td></tr>
<tr><td>बैक हिसाब मिलान बिबरण</td><td>२१२</td><td></td></tr>
<tr><td>भुक्तानी दिन बाकी चेकको बिबरण</td><td>२२०</td><td></td></tr>
<tr><td>भुक्तानी दिन बाकीको खाता तथा कच्चावारी</td><td>२२१</td><td></td></tr>
<tr><td>प्राप्य रकमको मास्केवारी</td><td>२२२</td><td></td></tr>
<tr><td>सन्तुलन परिक्षण</td><td>२२५</td><td></td></tr>
<tr><td>खर्चको माशिक बाडफाड तथा नगद योजना</td><td>३०३</td><td></td></tr>
<tr><td>बजेट रकमान्तर÷कार्यक्रम संसोधनको बिबरण</td><td>३०४</td><td></td></tr>
<tr><td>बस्तु तथा निर्माणको खरिद योजना</td><td>३११</td><td></td></tr>
<tr><td>परामर्श सेवाको खरिद योजना</td><td>३१२</td><td></td></tr>
<tr><td>मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता</td><td>४१५</td><td></td></tr>
<tr><td>घर जग्गाको लगत किताब</td><td>४१७</td><td></td></tr>
<tr><td>आइटमवाइज कार्य अभिलेख खाता</td><td>५०५</td><td></td></tr>
<tr><td>ठेक्का सम्बन्धित गौश्बरा लगत</td><td>५०७</td><td></td></tr>
<tr><td>बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण,परिबर्तन,र स्थगन अभिलेख</td><td>९०२</td><td></td></tr>
<tr><td>डाटाब्याकअप प्रमाणिकरण फारम</td><td>९०३</td><td></td></tr>
<tr><td>रसिद नियन्त्रण खाता</td><td>९०४</td><td></td></tr>
<tr><td>सवारी साधन र मेशिन प्रयोगको लगबुक</td><td>९०५</td><td></td></tr>
<tr><td>कर्मचारीको दस्तखत नमुना फारम</td><td>९१०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</li>
<li>पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक</li>
</ul></td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| | वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु १६९९२२६९।०३ पुजीगत खर्च खातामा रु १८९२८५८४ समेत गरी रु ३५९२०८५३।०३मौज्दात रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन जिन्सी निरीक्षण नै भएको पाइएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । | |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ दफा ३ बमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म बनेका ऐन, नियमावली, कार्यविधि निर्देशिका र नर्म्स समेत कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याउनुपर्नेमा राजपत्रमा नै प्रकाशित गरेको छैन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १३. | **बार्षिक बजेट स्विकृतिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहि ऐनको दफा ६५,६६,६७ बमोजिमको देहाय बमोजिम प्रकृया पुर्याइ कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था व्यवस्था अनुसार मिति २०७६।३।१० गते रु ३६ करोड १८ लाख ८६ हजारको बजेट सभा समक्ष पेश गरी मिति २०७६।३ ।१० मा पारित भएको छ।नगरपालिकाले यो वर्ष पूँजीगत कार्यक्रममा रु १६. करोड ६७ लाख ३० हजार बजेट बिनियोजन गरेको छ भने चालु,मा रु १९ करोड ५१ लाख ५२ बजेट बिनियोजन गरेको छ । | |

| बजेट तयारी चरण | नियमको ब्यवस्था | कार्य भएको मिति | सन्दर्भ कानुन । कैफियत |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नु पर्ने | प्रत्येक बर्ष पौष १५ भित्र | छैन | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,स्थानीय तहको वार्षिक योजना तथा बजेट |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ |
| स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा वजेटको कुल सीमा निर्धारण गर्ने, | प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु | छैन | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| वजेट तर्जुमा समितिले तयार गरेको वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची५ बमोजिमको ढाँचामा अध्यक्ष र प्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसूची६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसूची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नु पर्नेछ । | असार ५ गते भित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपाध्यक्षवा उपप्रमुख वा<br>मर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ | असार १० गतेभित्र | आसार १० | स्थानीयसरकारसञ्चालनऐन, २०७४को दफा ७१,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ |
| कार्यपालिकाबाट पेश भएको वजेट तथा कार्यक्रम सम्बन्धित सभाले पारित गरिसक्नु पर्नेछ । | असार मसान्त भित्र | आसार १० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४कोदफा७१ |
| सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ । | श्रावण १५ भित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

निर्धारीत कार्यतालिका बमाजिम उल्लेखित तोकिएका अधिकारीले वजेट तैयारी गर्ने कार्यमा संम्लग्न नभएको देखिएकोले यथार्थ रुपमा बजेट तैयारी गर्न समस्या देखिएको छ । निर्धारीत कार्यतालिका बमाजिम वजेट तैयारी कार्यमा संम्लग्न हनुपर्छ ।

१४. **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय व्ययको प्रक्षेपण २०७६आषाढ १० मा सभावाट स्वीकृत भएको र सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अन्तरगत प्रमुखले २०७६।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

| बजेट कार्यान्वयन चरण | नियमको व्यवस्था | कार्य भएको मिति | सन्दर्भ कानुन कैफियत |
|---|---|---|---|
| सभाबाट बजेट स्विकृत भएको मिति | असार मसान्त भित्र | २०७६।३।१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ |
| प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान | सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र | २०७६।३।१३ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले अनुसूची८बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग र महाशाखार शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सम्बन्धित विभाग र महाशाखा र शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ | योजना कार्यान्वयनको | छैन | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र</td><td></td><td></td></tr>
<tr><td>सबै विभाग र महाशाखा र शाखा र इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने</td><td></td><td>छैन</td><td>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६</td></tr>
<tr><td>गाउँपालिका वा नगरपालिकाले आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने</td><td>आर्थिक वर्ष शुरु भएको एक महिना भित्र</td><td>छैन</td><td>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.१</td></tr>
</table>
निर्धारीत कार्यतलिका बमाजिम कार्य नहुदा बजेट कार्यन्वयनका चरणमा ढिलाई हुने, समयमा साधन स्रोतको परिचालन नहुने र खरीद तथा योजना समयमा कार्यन्वयनमा नहुने भइ अर्थिक बर्षको अन्तमा खर्चको ब्यभार बढ्ने र योजना कार्यन्वयन बेलैमा नभइ योजनाहरुको जिम्मेबारी पछिल्लो बर्षमा सर्ने गरेको छ । निर्धारीत कार्यतलिका बमोजिम कार्य गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ४६जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ११जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकुत सि.डि.,इ.अधिकृत, जन स्वास्थ्य अधिकृतसहित २९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१६.</td><td>कर्मचारी करार- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिई कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर नगरपालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखी रु ५८७६०००।०० खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवालिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथिउल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर आइ टी सहायक कम्प्युटर पदमा १३ जना करार नियुक्ति गरी बर्षभरी तलब भुक्तानी गरेको कार्य नियमित देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>न्यायीकसमिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विबाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखा परीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष २५ बिबाद दर्ता भएकोमा पुरै फछ्र्यौट भई बाँकी नरहेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१८.</td><td>सार्वजनिक जग्गाको संरक्षण स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएको छ । नगरपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै नगरपालिकामा रहेका सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको तथा अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| | सावुद रहे, नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको एकिन भएन । | |
| १९. | **जग्गा उपयोग मापदण्ड-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| २०. | **राष्ट्रिय भवन संहिता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवनसंहिता पालनालाई नगपालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न नगरपालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । | |
| २१. | **सुशासन ऐन तथा सूचनाको हक कार्यान्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७६।७७ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र देहाय बिषयहरु वेभसाइडमा अपलोड गरेको देखिएन । | |

| बिबरण | वेभसाइडमा अपलोड | सन्दर्भ कानून |
|---|---|---|
| कार्यालयको प्रगति तथा उपलब्धिहरु | अपलोड नभएको | सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशका २०६८को बुदा ५(१) |
| सभाले स्विकृत गरेको बार्षिक बजेट तथा कार्यक्रमहरु स्विकृत भएको १५ दिन भित्र वेभसाइडमा अपलोड भएको | अपलोड नभएको | स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५.७.२ |
| नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरीबस्तुगत विवरण profile तयार वा अद्यावधिक गरेको | तयारी तथा अपलोड नभएको | स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८.२ |
| सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम वार्षिक प्रतिवेदन | तयारी तथा अपलोड नभएको | सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८को बुदा ५(१) |
| नगरपालिकाले आफ्नो आय व्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्बजनिक गर्नुपर्ने ब्यबस्था । | अपलोड नभएको | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ४ |
| खरिद सम्झौताको बिबरण सहितको सुचना सम्झौता भएको ३ दिन भित्र | अपलोड नभएको | सार्कजनिक खरिद नियमावली २०६४ को नियम १३७ |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| २२. | **फोहोरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । यस स्थानियतहको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको छैन | |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| | ।फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने"अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ । | |
| २३. | **फोहर व्यवस्थापन आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम नगरपालिकाले फोहर मैला व्यवस्थापन गरे वापत सेवा शुल्क उठाउने व्यवस्था छ । फोहर मैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय निकायको अनुमति नलिई कसैले पनि फोहर मैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था र दफा १५ को उपदफा (१) बमोजिम नीजि क्षेत्र वा सामुदायिक संस्थाबाट प्रतिपर्धा गराई फोहर मैला व्यवस्थापनको जिम्मा दिने व्यवस्था छ तथा उपदफा २ (क) बमोजिम फोहर व्यवस्थापक छनोट गर्दा स्थानीय निकायलाई बुझाउन कबुल गरेको रकम यकिन गर्नुपर्ने व्यवस्था छ ।नगरपालिका मा फोहर मैला व्यवस्थापन गरे वापतको सेवा शुल्कको स्थानिय तहलाइ बुझाउने व्यवस्था गरेको पाइएन । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २४. | **कर तथा शुल्क असुली** — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| २५. | **बिज्ञापन करः** २ नंवर प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम नगरपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाले यस्ता प्रकारका कूनै पनि कर संकल नगरेको नपाईएकोले आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नु पर्दछ। | |
| २६. | **रकम ढिला दाखिला गर्ने**-आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नु पर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समय मै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| २७. | **पोखरीको आयः** आर्थिक बर्ष २०७६।७७ को बार्षीक निति तथा कार्यक्रममा नगर क्षेत्रका सार्बजनिक स्थल तथा सार्बजनिक निकायले सञ्चालन गरेका पोखरीहरुको श्रावण १ देखी नगरपालिकाबाट टेण्डर डाक बडाबढ लगायतका प्रकृया थालनी गरिने उल्लेख गरीएपनि सो कार्यको थालनी नगरीएको र नगरपालिकाले आफ्नो क्षेत्रभित्रमा रहेका सार्बजनिक पोखरीको लगत अद्याबधिक समेत गरेको देखिएन । | |
| २८. | **नगद मौज्दातः** स्थानिय तह आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको नमुना कानुन २०७४ को दफा १४ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ता खडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । नगरपालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले सो ब्यबस्था बमोजिम दाखिला गनुपर्ने रु | ४६०० |

| वडा | आम्दनी | दाखिला | असुल गर्नुपर्ने |
|---|---|---|---|
| ४ | ९२०० | ४६०० | ४६०० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२९.</td><td>एकिन गर्नुपर्ने: रसिद नियन्त्रन खाताबाट देहाय वडाले बुझेको नगदि रसिदको आम्दानी प्राप्त नभएकोले उक्त रसिद प्याडको आम्दानी असुल गरी दाखिला गर्नुपर्छ ।
<table>
<tr><th>वडा न</th><th>नगदि रसिद प्याड</th></tr>
<tr><td>१</td><td>२२०१- २२५०</td></tr>
<tr><td>२</td><td>२१५१- २२००</td></tr>
<tr><td>३</td><td>१६०१- १६५०,१६५१- १७००,१७५१- १८००,१८०१- १८५०,१९५१- २०००</td></tr>
<tr><td>५</td><td>१२०१- १२५०,१४५१- १५००,१५०१- १५५०</td></tr>
<tr><td>८</td><td>१७०१- १७५०,२००१- २०५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०.</td><td>जिन्सी व्यवस्थापन: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) कार्यलय प्रमुखले १ वर्षमा कम्तीमा आफैले निरीक्षण गरी वा मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिकबाट जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने व्यवस्था छ । साथै सोही नियमको ५०(३) मा प्रतिवेदनमा उल्लेख भए अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने सामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जिन्सी निरीक्षण गरेको देखिएन । सहायक जिन्सीखाता अबलोकन गर्दा ४ थरी भन्दा बढी रहेको जिन्सी सामान देहाय व्यक्तीका नाममा रहेको देखिएकोमा ती जिन्सी सामान उचित संरक्षण भए नभएको, कार्यलय प्रयोजनमा आए नआएको एकिन नभएको र जिन्सी सामानको उचित सरक्षणको अबस्था एकिन भएन ।कानुन बमोजिम जिन्सी निरीक्षण गरी सामानहरुको सदुपयोग मर्मत तथा लिलाम गरी जिन्सी सामान अद्यावधिक गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>पदाधिकारी तथा कर्मचारीको नाम थर</th><th>बिबरण</th><th>संख्या</th></tr>
<tr><td>सन्तोष मेहता नगर प्रमुख</td><td>१४ थान मोबाइल तथा ३ ल्याबटप समेत</td><td>४० थान जिन्सी सामान</td></tr>
<tr><td>हुस्ने आरा उप नगरप्रमुख</td><td>४०थान प्लाष्टिक चेयर ३ ल्याबटप समेत</td><td>५९थान जिन्सी सामान</td></tr>
<tr><td>बिगु साह बनियाँ बडाध्यक्ष</td><td>४०थान प्लाष्टिक चेयर मोबाइल २ समेत</td><td>८० थान जिन्सी सामान</td></tr>
<tr><td>राम लक्ष्मण साह बडाध्यक्ष</td><td>५०थान प्लाष्टिक चेयर फ्रिज १ समेत</td><td>८३ थान जिन्सी सामान</td></tr>
<tr><td>रामकैलास राउत बडाध्यक्ष</td><td>५२थान प्लाष्टिक चेयर सोनी क्यामरा समेत</td><td>८४ थान जिन्सी सामान</td></tr>
<tr><td>शेख इद महम्मद बडाध्यक्ष</td><td>४० थान प्लाष्टिक चेयर सोनी क्यामरा समेत</td><td>७३ थान जिन्सी सामान</td></tr>
<tr><td>देबेन्द्र ठाकुर बडाध्यक्ष</td><td>४० थान प्लाष्टिक चेयर टि भी १ समेत</td><td>६६ थान जिन्सी सामान</td></tr>
<tr><td>शेख साह महम्मद बडा सदस्य</td><td>२० थान प्लाष्टिक चेयर टि भी १ समेत</td><td>२५ थान जिन्सी सामान</td></tr>
<tr><td>रामिश्बर साह बडाध्यक्ष</td><td>६५ थान प्लाष्टिक चेयर ३ मोबाइल समेत</td><td>१०३ थान जिन्सी सामान</td></tr>
<tr><td>शेख सफरुदीन बडा सदस्य</td><td>टि भी १ समेत</td><td>८ थान जिन्सी सामान</td></tr>
<tr><td>अब्दुल खलिक बडाध्यक्ष</td><td>५६ थान प्लाष्टिक चेयर टि भी १ समेत</td><td>९० थान जिन्सी सामान</td></tr>
<tr><td>शेख चाद अलि बडाध्यक्ष</td><td>३० थान प्लाष्टिक चेयर टि भी १ समेत</td><td>६५ थान जिन्सी सामान</td></tr>
<tr><td>रामबाबु राय यादब बडाध्यक्ष</td><td>फ्रिज १ टि भी १ समेत</td><td>२४ थान जिन्सी सामान</td></tr>
<tr><td>ई सत्यपाल सौरभ</td><td>मोबाइल ३</td><td></td></tr>
<tr><td>आइ टि अफिसर कृष्ण न न्द न कुमार</td><td>टि भी १</td><td></td></tr>
<tr><td>लेखापाल मनोज ठाकुर</td><td>टि भी १ मोबाइल २ ल्याबटप २</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|
| ३१. | **पेस्की** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु | ४७७०७००० |

| मिति | पेश्की लिनेको नाम | वापत | म्याद ननाघेको पेश्की रकम | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|---|
| २०७६।६।१६ | रामेश्वर साह | ६ नं वडा अध्यक्ष | ० | १००००० |
| २०७६।७।५ | मोः सैफ अली | ७ नं वडा सचिब | ० | ९५००० |
| २०७६।७।८ | रामलक्षमण साह | २ नं वडा अध्यक्ष | ० | ९५००० |
| २०७६।७।८ | विगु साह बनिया | १ नं वडा अध्यक्ष | ० | १७०००० |
| २०७६।७।२६ | पप्पु गिरी | ३ नं वडा सद्स्य | ० | ५५००० |
| २०७६।८।५ | दिपेश रौनियार | जिन्सि प्रमुख | ० | १५१६००० |
| २०७६।९।११ | कृष्णानन्दन कुमार | आइ टि अ | ० | १००००० |
| २०७६।१०।२ | प्रा वि मडवारी टोल | विधालय | ० | १९०००० |
| २०७६।१०।२७ | शेख इद मोहमद | ४ नं वडा अध्यक्ष | ० | १००००० |
| २०७६।१०।२७ | उमाशकर गिरी | सहजकर्ता | ० | १००००० |
| २०७६।१०।२७ | विश्वनाथ राम | कम्पुटर सहायक | ० | ४००००० |
| २०७६।१०।२९ | मोः सैफ अली | ६ नं वडा सचिव | ० | १९०००० |
| २०७६।११।११ | पवन कुमार साह | एम आइ एस अ | ० | ३००००० |
| २०७६।।१६ | जनता मा वि डुमरिया | विधालय | ० | ४७५००० |
| २०७७।०२।२० | मा वि मठिया | विधालय | ० | ३८५००० |
| ३०७७।३।३१ | दिनेश प्रसाद कुश्वाहा पशु सेवा संयोजक | केन्द्रिय कृर्षि प्रयोगशाला कार्यक्रम | ० | ५००००० |
| ३०७७।३।३१ | दिनेश प्रसाद कुश्वाहा पशु सेवा संयोजक | पशु स्वास्थ्य रोग अन्वेषण तथा क्वारेन्टाइन | ० | २६०००० |
| ३०७७।३।३१ | जनता मावि औरैया विद्यालय | विद्यालय क्षेत्र विकाश कार्यक्रम | ० | २००००० |
| २०७६।११।२० | रामान्नद साह सि अ हे व | क्षयरोग नियन्त्रण कार्यक्रम | ० | ४८००० |
| २०७६।८।६ | शशिविन्द प्रसाद पटेल स्वास्थ्य ससंयोजक | एकिकृत महिला स्वास्थ्य तथा प्रजन्न स्वास्थ्य कार्यक्रम | ० | १०००० |
| २०७६।११।२० | रामान्द साह सि अ हे व | एकिकृत महिला स्वास्थ्य तथा प्रजन्न स्वास्थ्य कार्यक्रम | ० | २७००० |
| २०७७।३।४ | दिपक कुमार रौनियार ल्या अ | एकिकृत महिला स्वास्थ्य तथा प्रजन्न स्वास्थ्य कार्यक्रम | ० | १८५००० |
| २०७६।८।६ | शशिविन्द प्र पटेल स्वास्थ्य ससंयोजक | एकिकृत वाल स्वास्थ्य एंम पोषण कार्यक्रम | ० | १३५५००० |
| २०७६।८।६ | शशिविन्द प्र पटेल स्वास्थ्य ससंयोजक | माहामारी तथा रोग नियन्त्रण कार्यक्रम | ० | १३०००० |
| २०७६।३।६ | दिपक कुमार रौनियार ल्या अ | माहामारी तथा रोग नियन्त्रण कार्यक्रम | ० | ५९००० |
| २०७६।८।६ | दिपक कुमार रौनियार ल्या अ | अपाङ्ता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | ० | १५००० |
| २०७६।११।२० | रामान्नद साह | अपाङ्ता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | ० | २००००० |
| २०७६।८।६ | शशिविन्द प्र पटेल स्वास्थ्य संयोजक | उपचारात्मक सेवा कार्यक्रम | ० | १६८००० |
| २०७६।३।४ | दिपक कुमार रौनियार ल्या | उपचारात्मक सेवा कार्यक्रम | ० | १२५००० |
| २०७६।६।१० | रामलक्ष्मण साह वडाअध्यक्ष | राजश्व वाँडफाड | ० | ११००० |
| २०७६।६।१० | देवेन्द्र ठाकुर वडाअध्यक्ष | राजश्व वाँडफाड | ० | ११००० |
| २०७६।६।१० | मो अव्दुल खालिक वडाअध्यक्ष | राजश्व वाँडफाड | ० | ११००० |
| २०७६।७।१४ | राजेन्द्र प्रसाद यादव शिक्षक | राजश्व वाँडफाड | ० | १५०००० |
| २०७६।७।१८ | मा वि मठिया विद्यालय | राजश्व वाँडफाड | ० | १५०००० |
| २०७६।८।५ | दिपक कुमार मेहता प्र अ | राजश्व वाँडफाड | ० | १५०००० |
| २०७६।१२।१८ | राम विश्वास यादव नगर प्रहरी इन्चार्ज | राजश्व वाँडफाड | ० | ५०००० |
| २०७७।१।३० | संजय कुमार यादव चालक | राजश्व वाँडफाड | ० | २५००० |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०७६।३।२२ | शम्भु कुमार यादव २ न वडा सचिव | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ० | १८९६४०० |
| २०७७।१।३० | दिनेश प्र कुशवाहा ५ वडा सचिव | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ० | १४१००००० |
| २०७७।१।३० | मो सैफ अलि ७ न वडा सचिव | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ० | १३८६५६०० |
| २०७७।१।३० | शिवपुजन महत्तो ९ न वडा सचिव | समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ० | ६०५९२०० |
| २०७७।३।३० | मा वि मठिया विद्यालय | प्रदेश समानिकरण अनुदान | ० | २००००० |
| २०७७।३।३० | शशिविन्द प्र पटेल स्वास्थ्य ससंयोजक | युनिसेफ नेपाल | ० | ४२४८०० |
| २०७७।१।२ | शान्ति जेनरल सप्लायर्स गौर संस्था | प्रकोप व्यव्स्थापन | ० | ३०००००० |
| २०७७।२।११ | विश्वनाथ राम कम्पयुटर सहायक | प्रकोप व्यव्स्थापन | ० | ५०००० |
| | जम्मा | | | ४७७०७००० |

**नगरपालिका पुजिगत (समानिकरण )**

३२. **बिद्युतिय खरिद प्रणालीको प्रगोगः** बिद्युतिय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ को बुदा ३५ मा सार्बजनिक निकायले आबश्यक ठानेमा जति सुकै रकमको खरिद कार्य बिद्युतिय खरिद प्रणालीको मात्र प्रयोग गरेर मात्र गर्न सक्ने, साठीलाख रुपैया भन्दा बढी रकमको निर्माण कार्य गर्दा बिद्युतिय खरिद प्रणालीको समेत प्रयोग गनुपर्ने तर बिस लाख रुपैया वा सो भन्दा बढिको परामर्श सेवा,दुइ करोड रुपैया भन्दा बढिको निर्माण कार्य तथा साठीलाख रुपैया भन्दा बढिको मालसामान खरिद गर्दा अनिबार्य रुपमा बिद्युतिय खरिद प्रणालीको प्रयोगबाट मात्र गनुपर्ने ब्यबस्था छ ।नगरपालिकाले उक्त निर्देशिकामा भएको ब्यबस्था अनुसार बिद्युतिय खरिद प्रणालीको प्रयोग गरी खरिद कार्य गरेको देखिएन । निर्देशिका बमोजिम बिदुतिय खरिद प्रणाली प्रयोग गरी खरिद कार्य गरिनुपर्दछ ।

| गो भौ नं मिति | आपुर्तक | बिबरण | खर्च रकम | खरिद प्रक्रिया | बिद्युतिय खरिद प्रणालीको प्रयोग अबस्था |
|---|---|---|---|---|---|
| २।२०७६।६।१० | जयमा लक्ष्मी टेडर्स एण्ड जेनेरल सप्लायर्स | त्रिपाल खरिद<br>७५२४ थान | १८६१९६४२।८० | बोलपत्र | प्रयोग नभएको |
| ३।२०७६।६।१० | मा मनोकामना ट्रेड एण्ड सप्लायर्स | खाद्यन्न खरिद<br>चामल ७५२४० केजि<br>बिस्कुट ३२८ कार्टुन<br>चाउचाउ ३०० कार्टुन<br>चिउरा १५०० केजि<br>दालमोठ २०० केजि<br>भुजा २०० केजि | ५२७५३८३।५६ | बोलपत्र | प्रयोग नभएको |

साथै उल्लेखित सामान २०७६।३।२७ मा रौतहटमा परेको अबिरल बर्षाका कारण यस नगरपालिकाको बिपद ब्यबस्थापनको लागी बाढी प्रभाबित ब्यक्तिलाइ राहत बितरण गर्न खरिद गरिएकोमा बाढी प्रभाबित ब्यक्तिलाइ देहाय बमोजिम त्रिपाल ३६३७ चामल ५०७५० बितरण गरेको भरपाइ पेश भएको तर त्रिपाल ३८८७ थान चामल २४४९० के जि को बितरण भरपाई पेश नभएकोले खरिद मुल्य क्रमश रु २४७४।७० र ६२।०० को बितरण गरेको भरपाइ पेश गर्नुपर्ने रु — ११६२२८५।९

| वडा नं | परिवार संख्या | राहत बितरण संख्या | बितरण त्रिपाल पिस | बितरण चामल केजि |
|---|---|---|---|---|
| १ | ५४७ | ६२२ | ० | १२४४० |
| २ | ६४४ | १२१३ | १२१३ | १२१३० |
| ३ | ५५८ | १०६९ | १०६९ | १०६९० |
| ४ | ६७८ | ६००(402 +198) | १९८ | ४०२० |
| ५ | ४११ | ० | ० | ० |
| ६ | ६९५ | ० | ० | ० |
| ७ | ५६८ | ० | ० | ० |
| ८ | ५२० | ० | ० | ० |
| ९ | ५६१ | ११४७ | ११४७ | ११४७० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td></td><td>५१८२</td><td>४६५१</td><td>३६२७</td><td>५०७५०</td></tr></table></td><td></td></tr>
<tr><td>३३.</td><td>गत बर्षको योजनाको भुक्तानीः- आर्थिक कार्यविधि नियमानुली २०६४ को नियम ४० को उप नियमा ७ मा विशेष कारण र परिस्थितिवस उपनियम ८ बमोजिम कुनै व्यक्ति, फर्म, सस्था वा कम्पनी संग भएको सम्झौताको रकम र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको रकम चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई बमोजिमको रकम आगामि बर्षमा भुक्तानी दिनु पर्ने कारण खोलि महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाकिको कच्चावारी चढाई श्रावण १५ भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राख्नु पने व्यवस्था छ । नगरपालिकाले यस बर्ष गत विगत आ.ब. मा सञ्चालन भएको योजनाहरुको भुक्तानी गर्नु पर्ने भनि बार्षिक बजेटमा ५ योजनाको रु. ४२७९५१० ।०० समाबेस गरी यस बर्ष भुक्तानी गरेको छ । कानून तथा निर्धारीत लेखा ढाँचा अनुसार चालु आ.ब. को बजेटले नखाम्ने भुक्तानी गर्नु पर्ने भएकोमा भुक्तानी दिन बाकीको कच्चावरीमा भक्तानी दिनु पर्ने योजना स्पष्ठ खोलि म.ले.प.फा.नं. २११ प्रमाणित गरी भुक्तानी दिईएको नदेखिएकोले भुक्तानी कार्य नियमित देखिएन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>अनुगमन प्रतिबेदनः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ उपदफा ४ को ख ५ मा उपाध्यक्ष वा उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण गरी सो को प्रतिबेदन नगरपालिकाको बैठकमा पेश गर्नुपर्ने ब्यबस्था छ । अनुगमन तथा सुपरीबेक्षणको प्रतिबेदन नगरपालिकाको बैठकमा पेश गरेको देखिएन । कानुन बमोजिम उपाध्यक्षले अनुगमन गरेको योजनाहरुको र अनुगमन समितिले अनुगमन गरेका योजनाहरुको अनुगमन प्रतिबेदन बैठकमा पेश गरी स्थानिय सरकार संचालन ऐनमा भएको ब्यवस्थालाइ परिपालना गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३५.</td><td>लागत अनुमानः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एक लाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष गरेका देहाय खरिदको लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएको र देहाय भुक्तानीको जडान भएको प्राबिधिक नापजाच श्रेस्तासाथ संग्लग्न भएको नदेखिएकोले कानुनको ब्यबस्था बमोजिम लागत अनुमान स्वीकृत र जडान भएको प्राबिधिक नापजाचको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गोश्वरा भौचर नंवर</th><th>आपूर्तिकर्ताको नाम</th><th>मालसामानको बिबरण</th><th>खर्च रकम</th></tr>
<tr><td>४।२०७६।६।१६</td><td>उमंग टेडर्स गौर</td><td>१८० पिस पोल समेत</td><td>५३३५६०</td></tr>
<tr><td>२५।२०७६।८।१</td><td>उमंग टेडर्स गौर</td><td>पोल बत्ति लगायत सामान</td><td>११४९१३७।७५</td></tr>
<tr><td>५२।२०७६।११।४</td><td>रौतहट ह्युमपाइप उद्योग</td><td>१२थान ह्युमपाइप</td><td>४९६०९२।००</td></tr>
<tr><td>८०।२०७६।१२।२६</td><td>उमंग टेडर्स गौर</td><td>पोल बत्ति लगायत सामान</td><td>६७०९३३।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२८४९८१२।७५</td></tr>
</table></td><td>२८४९८१२।७५</td></tr>
<tr><td>३६.</td><td>गत बर्षको खरिदको भुक्तानीः- आर्थिक कार्यविधि नियमानुली २०६४ को नियम ४० को उप नियमा ७ मा विशेष कारण र परिस्थितिवस उपनियम ८ बमोजिम कुनै व्यक्ति, फर्म, सस्था वा कम्पनी संग भएको सम्झौताको रकम र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको रकम चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई बमोजिमको रकम आगामि बर्षमा भुक्तानी दिनु पर्ने कारण खोलि माहालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाकिको कच्चावारी चढाई श्रावण १५ भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राख्नु पने व्यवस्था छ । नगरपालिकाले गत बर्ष खरिद भएका सामानको बिलको देहाय बमोजिम यस बर्ष भुक्तानी भएकोमा गत बर्षको बजेटले नखामेको आधार र प्रमाणित भुक्तानी दिन बाकिको कच्चावारी म ले प फा नं २११ बेगर भुक्तानी दिएको देखिएकोले अनियमित रु
<table>
<tr><th>गोश्वरा भौचर नंवर</th><th>आपूर्तिकर्ताको नाम</th><th>बिल मिति</th><th>मालसामानको बिबरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२०।२०७६।७।२८</td><td>जयमा लक्ष्मी टेडर्स एण्ड जेनेरल सप्लायर्स</td><td>२०७६।३।१९ र २२</td><td>ल्याबटप</td><td>३०६९२०।००</td></tr>
<tr><td>२२।२०७६।७।२८</td><td>न्यु ईलेक्ट्रोनिक्स प्लाजा गौर</td><td>२०७६।३।१८</td><td>ब्याट्रो ईन्भटर पंखा</td><td>४७६८६०।००</td></tr>
<tr><td>२३।२०७६।७।२८</td><td>मा मनोकामना ट्रेड एण्ड सप्लायर्स</td><td>२०७६।३।१० र १५</td><td>डेस्टप फर्निचर</td><td>६८२१८१।००</td></tr>
</table></td><td>१४६५९६१</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | १४६५९६१ |

३७. **सिमाभन्दा बढी सिधै खरिदः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी पाचलाख रुपैया सिमाभन्दा बढी रकमको एउटै व्यक्ति ,फर्म, कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यबस्था छ । नगरपालिकाले देहाय बमोजिम एउटै व्यक्ति,फर्म,कम्पनि वा संस्थाबाट पटक पटक गरी सोझै खरिद गर्दा तोकिएको सिमा भन्दा बढी रकमको एउटै व्यक्ति ,फर्म, कम्पनि वा संस्थाबाट सोझै खरिद भएको देखिएको रु.

रकम: १२२३१३३३।५५

| ब उ शि न | गोश्वरा भौचर नंवर | आपूर्तिकर्ता | विवरण | खरिद रकम |
|---|---|---|---|---|
| समानिकरण | ६४।२०७६।११।२३ | चुकि ईन्टरप्राईजेज गौर | नगरप्रहरीको ड्रेस कम्बल कार्पेट तन्ना | १२४३००५।०० |
| समानिकरण | ६६।२०७६।१०।२१ | मनोकामना अफसेट प्रेस | क्रिकेट खेलाडीलाई ड्रेस र सामान | १०४०२७८।०० |
| समानिकरण | ७१।२०७६।१२।१० | मा मनोकामना ट्रेड एण्ड सप्लायर्स | फर्निचर | ६७२३५५।०० |
| समानिकरण | ७२।२०७६।१२।१० | न्यु ईलेक्ट्रोनिक्स प्लाजा गौर | ल्यावटप फर्निचर | १०२४०६२।०० |
| समानिकरण | ७४।२०७६।१२।१० | जय मा ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | ल्यावटप र फर्निचर | ७७६३०४।३० |
| समानिकरण | ७५।२०७६।१२।१० | सेक्युरिटी बल्ड गौर | मोबाईल क्यामरा | ८२१५४९।५५ |
| समानिकरण | ७८।२०७७।१२।१० | केशरी सप्लायर्स | बेड तार समेत | ११०८४७५।०० |
| समानिकरण | १४१।२०७७।३।२४ | जय मा लक्ष्मि ट्रेडर्स एण्ड जेनरल सप्लायर्स | खाद्यन्न | ४९९८९०।०० |
| राजश्व बाडफाड | १६।२०७६।६।१६ | जयमा मनोकामना टेडर्स | खाद्यन्न टेन्ट साडो गम्छ | ११३४८०० |
| राजश्व बाडफाड | १४९।२०७६।१२।१२ | मनोकामना अफसेट प्रेस | स्टेशनरी तौलिया | २०७२४६७ |
| राजश्व बाडफाड | १५३।२०७६।१२।२६ | सागर जनरल सप्लायर्स | पाईप खाद्यन्न त्रिपाल | १२४४५५९ |
| राजश्व बाडफाड | २१२।२०७७।३।३१ | जयमा लक्ष्मी टेडर्स एण्ड सप्लायस | सेनिटाईजर ३० कार्टुन साबुन ३०० कार्टुन | ५९३५८९ |
| | | | जम्मा | १२२३१३३३।५५ |

३८. **जिन्सी किताबमा दाखिला**-आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) अनुसार कार्यालयमा खरिद गरी प्राप्त हुन आएको सवै मालसामानको बिबरण र मूल्य समेत खुलाइ ७ दिन भित्र जिन्सी किताबमा आम्दानी बाँधि श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्न भौ न र मिति वाट सामान खरिद गरी ल्याएका देहाय सामानको आपुर्तिकर्तालाइ भुक्तानी गरेकोमा ती सामानहरु जिन्सी किताबमा आम्दानी बाँधेको देखिएन ।नियमावलिको ब्यबस्था बमोजिम खरिद भएका सामान समेत जिन्सी किताबमा आम्दानी नबाँधिको भुक्तानी दिएको देखिएकोले आम्दानी बाँधेको प्रमाण गर्नुपर्ने रु.

रकम: २१६४९४७

| ब उ शि नं | गोश्वरा भौचर नंवर | आपूर्तिकर्ता | विवरण | खरिद रकम |
|---|---|---|---|---|
| समानिकरण | २०।२०७६।७।२८ | जयमा लक्ष्मी टेडर्स एण्ड जेनेरल सप्लायर्स | कुर्सी , कार्पेट, डोरम्याट, मेट्रेक्स | ४९७७६५।०० |
| समानिकरण | २२।२०७६।७।२८ | न्यु ईलेक्ट्रोनिक्स प्लाजा गौर | स्टेपलाईजर, साईकल , ईन्भटर समेत | ४३७५३६।०० |
| समानिकरण | १४२।२०७७।३।२५ | पशुपति टेडर्स | टायर साईकल | २२६२२६।०० |
| राजश्व बाडफाड | १७।२०७६।६।१६ | मनोकामना अफसेट प्रेस | बेग ए४ पेपर आदी | १००३४४०।०० |
| | | | जम्मा | २१६४९४७ |

३९. **गैर सरकारी संस्थाबाट नियमविपरित कार्यः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमूखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ को उप-नियम (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागी त्यस्तो कामको आबश्यकता,किसिम, समयबधि,कामको गुणस्तर,जनशक्ति ,कार्यसञ्चालन बिधि सहितको कार्यक्षेत्रगत शर्त र

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|

लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी सोहि नियमको उपनियम (२) अनुसार सार्वजनिक निकायले दश लाख सम्मको काम गराउनको लागी त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएको र मौजुदा सुचिमा समाबेश भएका गैर सरकारी संस्थालाइ कम्तिमा १५ दिनको अवधि दिइ राष्ट्रियस्तर वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताब माग गनुपर्नेछ ।साथै नियमावलिको उपनियम ५२६ बमोजिम  कार्यक्षेत्रगत शर्त पुरा गरी न्युनतम रकम प्रस्ताब गर्ने प्रस्ताबदाताको प्रस्ताब स्विकृतिको सार्वजनिक निकायमा पेश गनुपर्ने सार्वजनिक निकाय त्यस्तो प्रस्ताब स्विकृति गरी प्रस्ताबदातासंग सम्झौता गर्नुपर्ने ब्यबस्था छ ।न.पा. ले देहाय बमोजिम तालिमहरु संचालन गर्दा मौजुदा सुचिमा समाबेश भएकासग १५ दिनको सुचना प्रकाशन प्रस्ताव माग गरी कार्य गराउनु पर्नेमा सिधै  कार्य गराई भुक्तानी दिईएको देखिएको छ । कानूनको उल्लेखित ब्यबस्था बमोजिम कम्तिमा १५ दिनको सुचना प्रकाशन गरी न्युनतम रकम प्रस्ताब गर्ने प्रस्ताबदाताको प्रस्ताब स्विकृति गरी तालिमहरु संचालन गरिनुपर्दछ ।

| ब उ शि न | गो.भौ. | कार्यको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| समानिकरण | ४६।२०७६।१०।२४ | नगर विद्यलयस्तरीय संस्कृतिक कार्यक्रम | समाज बिकास नेपाल | ४००००० |
| समानिकरण | ५३।२०७६।११।११ | किसानलाइ करेसाबारी तालिम | समाज बिकास नेपाल | ३८०००० |
| समानिकरण | ९४।२०७७।१।२४ | ब्युटिसियन तालिम | अमृत दलित सञ्जाल समुह | ३८०००० |
| समानिकरण | ९६।२०७७।१।२९ | ब्युटिसियन तालिम | अमृत दलित सञ्जाल समुह | ३८०००० |
| समानिकरण | ९८।२०७७।१।२९ | पुर्ण सरसफाई जनचेतना कार्यक्रम | समाज बिकास नेपाल | ५७०००० |
| समानिकरण | ११०।२०७७।२।३० | मुस्लिम दलित एकल महिला क्षमता बिकास कार्यक्रम | समाज बिकास नेपाल | ४७४९०० |
| समानिकरण | १११।२०७७।२।३० | महिला हिंसा र आयमुलक तालिम | अनमोल जनकल्याण अभियान नेपाल | ५००००० |
| समानिकरण | ११३।२०७७।३।१ | सरसफाई सम्बन्धि जनचेतनामुलक तालिम | शान्ति बिकास कल्याण केन्द्र नेपाल | ५००००० |
| समानिकरण | ११४।२०७७।३।१ | पशुपालन सम्बन्धि जनचेतनामुलक तथा आयमुलक तालिम | शान्ति बिकास कल्याण केन्द्र नेपाल | ४४७४४० |
| समानिकरण | ११५।२०७७।३।१ | कोरोना भाइरस रोकथाम सम्बन्धि जनचेतनामुलक तालिम | शान्ति बिकास कल्याण केन्द्र नेपाल | ५००००० |
| राजश्व बाडफाड | ८१।२०७६।९।१४ | उपभोक्ता समिति गठन तथा ब्यबस्थान | सम्बृद्धीका लागी युबा नेपाल | ५००००० |
| राजश्व बाडफाड | १७४।२०७७।२।२४ | हाउस बाईरिङ तालिम | थ्रि स्टार बिकास केन्द्र | ५००००० |
| आन्तरीक आय खर्च खाता | ७।२०७७।३।३१ | राजदेवी मिडिया सेन्टर | महिला साईकल दौड | ५००००० |

४०. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु............ १०९७६८६

| गो.भौ.नं. मिति | नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ५४।२०७६।११।११ | वडाअध्यक्ष रामबाबु यादव पे फ र सोधभर्ना | छड बर्तालुलाई साडी बितरण २६१थान र टेन्ट निर्माण | २८५००० |
| १३१।२०७७।३।१२ | उपप्रमुख हुस्ने आरा पे फ तथा सोधभर्ना | मुस्लिम चाड इदुल फित्र उपलक्ष्यमा ४०० थान सुति साडी १११ थान कुर्ता सलवार बितरण | ३१२८८७ |
| १४०।२०७७।३।२४ | न्यु शिवशक्ति ईम्पोरीयम गौर | मुस्लिम चाड रमजन अवसरमा साडी बितरण | ४९९७९९।०० |
| | | जम्मा | १०९७६८६ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>४१.</td><td>निर्माण कार्यको मुल्याङकनः नगरपालिकाले वडा नं ९ मा डीपकल जडानको लागी मा मनोकामना ट्रेड कन्सर्न एण्ड सप्लायरसंग रु १०१८९६९।१२ सम्झौता गरेकोमा सप्लायरले सामान सप्लाई गरेको बिल पेश गरी गो भौ नं १४५।२०७७।३।२५बाट रु ११३४३१६।०० भुक्तानी लिएकोमा देहाय देखिन्छ ।<br><br>क) ल ई बमोजिम डीपकल जडानकोलागी नापी मुल्याङकन तथा कार्यसम्पन्न तयार नगरी सप्लायरको बिलको आधारमा बिल भुक्तानी गरेकोले डीपकल जडान भएको नापी मुल्याङकन तथा कार्यसम्पन्न पेश गर्नुपर्ने रु<br><br>ख) मा मनोकामना ट्रेड कन्सर्न एण्ड सप्लायरसंग रु १०१८९६९।१२ कार्य गर्ने सम्झौता भएकोमा सप्लायरले सामान सप्लाई समेत गरेको बिलको आधारमा रु ११३४३१६।०० भुक्तानी दीएकोमा सम्झौता भन्दा बढी ११५६४६।०० भुक्तानी दीएको ले सम्झौता भन्दा बढी दिनुपर्ने आधार पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।</td><td>११३४३१६।००</td></tr>
<tr><td>४२.</td><td>ग्रावेलको रोयल्टीः सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाले उपभोक्ता मार्फत गराएका देहाय ग्रावेल गर्ने कार्यहरुको हरेक किस्ताको कामको प्राबिधिक मुल्याङकन पेश भएपनि ल ई मा समाबेश भएको ग्रावेलको रोयल्टी रकम तिरेको प्रमाण पेश गरेको नदेखिएकोले नियमावलीको उल्लेखित ब्यबस्था बमोजिम ग्रावेलको रोयल्टी रकम तिरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>उपभोक्ता समिति</th><th>लईतथा मुल्याङकनमा ईकाइ दर ग्राभेल</th><th>घ मी मा रोयल्टी</th><th>काम घ मी</th><th>रोयल्टी रकम</th></tr>
<tr><td>१२।२०७६।७।६</td><td>१देखि ९ सडक मर्मत उ स</td><td>३३८५।१९</td><td>१००</td><td>५९८।८८</td><td>५९८८८</td></tr>
<tr><td>२६।२०७६।८।२</td><td>शेख असगरको धरदेखी सहिम लेहरीको घरसम्म सडक ढलान उ स</td><td>३३८५</td><td>१००</td><td>२२।७५</td><td>२२७५</td></tr>
<tr><td>४९।२०७६।१०।२९</td><td>पल्टुबामोड देखि लतामडी बोर्डर ग्राभेल उ स</td><td>३३८५।१९</td><td>१००</td><td>८४६।३४</td><td>८४६३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>७०६२६</td></tr>
</table></td><td>७०६२६</td></tr>
<tr><td>४३.</td><td>डुङ्गा निर्माणः सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९८ उपनियम ३ बमोजिम अमानतबाट निर्माण कार्य गराउन परेमा त्यस्तो काम १ लाख नबढाइ खण्ड खण्ड गरी बार्तामा गराउन वा निर्माण सम्बन्धि काम आबश्यक निर्माण सामाग्री उपलब्ध गराइ ज्यालामा दिन सकिने ब्यबस्था छ ।नगरपालिकाको वडा न १ मा डुङ्गा निर्माणको लागी लगत इस्टीमेट रु ७१४११५ भएको कार्य खरिदार बिरेन्द्र प्रसाद कुशाहवालाइ निजले पेश गरेको बिल बमोजिम गो भौ नं १३८।२०७७।३।२४ बाट ६५२६३२। भुक्तानी दिईएको छ ।नियममा भएको ब्यबस्था भन्दा ६ गुणा बढीको कार्य समान उपलब्ध गराइ अमानतबाट कार्य गराएको देखिएको रु</td><td>६५२६३२</td></tr>
<tr><td>४४.</td><td>सवारी साधन खरिदःअर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। नेपाल सरकारबाट उपलब्ध गराइएको समानिकरण अनुदानबाट नगरपालिकाले ५ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.११७३७७८।०० तथा १ थान चार पांग्रे सवारीसाधन खरिदमा रु ५७७००००।०० का समेत रु ६९४३७७८।०० खर्च गरेको छ।निर्देशिका बिपरित नेपाल सरकारबाट उपलब्ध गराइएको अनुदानबाट सवारि साधन खरिद गर्नु उचित होईन । यस्ता प्रकृतीको खर्च नियन्त्रण गरीनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>४५.</td><td>

**डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरी भुक्तानी गरेकोमा डी पी आर प्रतिबेदन जिन्सी खातामा दाखिला गरेको देखिएन र वडा कार्यलय भबनको डी पी आर गर्दा जग्गाको स्वामित्त्व समेत एकिन गरिनुपर्दछ।

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>तलामरी देखि मोतियार बजार सम्म सडक कालोपत्रे</td><td rowspan="5">ग्रिड डिजाइन कन्सल्टेन्सी एण्ड इन्जिनियरीङ सर्भिस कटरीया</td><td rowspan="5">१००००००</td><td rowspan="5">९९८५००</td><td>४८००००००</td></tr>
<tr><td>औरैया पश्चिम देखि महुलिया बोर्डरसम्म सडक कालोपत्रे</td><td>४२००००००</td></tr>
<tr><td>जटहरा अधारभुत बिद्यलय भबन निर्माण</td><td>१०००००००</td></tr>
<tr><td>९नंबर वडा कार्यलय निर्माण</td><td>२२५०००००</td></tr>
<tr><td>मन्दिर धर्मशाला निर्माण</td><td>४०००००००</td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत नदेखिएको रु

</td><td>९९८५००</td></tr>
<tr><td>४६.</td><td>

**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११)मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाच गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरिने श्रम,नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको बिबरण र उक्त निर्माण कार्यको सर्भे,डिजाइन,लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने ब्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाबाट यस बर्ष उपभोक्ता समितिले गरेका देहाय कार्यको उक्त नियमको ब्यवस्था बमोजिम काय कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गरेको नदेखिको रु

<table>
<tr><th>गो भौ नं</th><th>उ स को नाम</th><th>ल ई रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१४४।२०७७।३।२६</td><td>भन्सार टोल बाट मर्मत उ स</td><td>२००१७४५</td><td>१२०४०६६</td></tr>
</table>

</td><td>१२०४०६६</td></tr>
<tr><td>४७.</td><td>

**अमानतबाट योजनाको कार्यः** नगरपालिकाले पारीत गरेका वडास्तरका योजनाहरु लाभग्राही समुह तथा निर्माण ब्यबसायी बाट गराउनुपर्नेमा १ लाख भन्दा घटिका योजनाहरु वडा सचिब तथा अन्य कर्मचारी मार्फत अमानत बाट कार्य गराएको छ । सभाबाट पारीत भएका योजनाहरु अमानतबाट गराउनु नियम संगत नदेखिएको साथै सो कार्यको नापी, कार्यसम्पन्न प्रतिबेदानमा कार्यालय प्रमुखको प्रमाणित नभएको रु

<table>
<tr><th>गो भौ नं</th><th>भुक्तानी लिनेको नाम</th><th>बापत</th><th>खर्च रकम</th></tr>
<tr><td>१५०।२०७७।३।३१</td><td>राम कैलास राउत</td><td>भकुवा नदिमा बाँध बाधि सिचाई को काम</td><td>१०००००</td></tr>
</table>

</td><td>१०००००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>४८.</td><td>श्रेस्ता पेश नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको बिल भरपाई समेतको लेखा राख्नुपर्ने ब्यबस्था छ । देहाय गोश्वरा भौचर बाट भुक्तानी भएको खर्च रकम बिल भरपाई नापी तथा कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>भुक्तानी लिनेको नाम</th><th>बापत</th><th>खर्च रकम</th></tr>
<tr><td>१०८।२०७७।२।२५</td><td>भकुवा नदिमा बाँध निर्माण उ स वडा न ९</td><td>भकुवा नदिमा बाँध बाध्नेकाम</td><td>३२४००३।००</td></tr>
</table></td><td>३२४००३।००</td></tr>
<tr><td></td><td>नगरपालिका चालु राजश्व बाँडफाड</td><td></td></tr>
<tr><td>४९.</td><td>राजश्व बाडफाँडः राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले आ.ब. २०७६।७७ को लागी संघिय बिभाज्यकोषबाट स्थानिय तहमा मिति २०७५।११।२९ मा राजश्व बाडफाडबाट प्राप्त हुने रकमको उपयोगको गर्दा राजश्व बाडफाडबाट प्राप्त हुने रकम मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरीक आयबाट ब्यबस्थापन गर्ने तर अत्याबश्यक प्रशासनिक खर्चको लागी आफ्नो आन्तरीक आय अपर्याप्त भएको अबस्थामा मात्र किफायती रुपमा राजश्व बाडफाडको रकम उपयोग गरी बाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट बिनियोजन गनुपर्ने गरी मार्गदर्शन गरेकोमा नगरपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी सबै रकम दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरीक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>पदाधिकारी सुविधा - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिमा मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सो सम्बन्धमा मुद्दा परी सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त कानुन खारेज गरेकोमा २ नम्बर प्रदेश सरकारले नयाँ कानुन बनाइ मिति २०७७।३।३१ मा राजपत्रमा मा प्रकाशन गरेको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ लागु हुनु भन्दा पहिले यस बर्ष २०७६ आश्विन सम्मको पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधामा रु १९०५०००।०० खर्च लेखेको देखिन्छ।</td><td></td></tr>
<tr><td>५१.</td><td>कानूनी सल्लाहकार तथा प्रेश संयोजक- स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ र स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार प्रेश संयोजक राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर कानुनि सल्लाहकारको रुपमा श्री रामदरेश प्रसाद लाई नियुक्त गरी बार्षीक रु १८७५००। र प्रेश संयोजक प्रबिण टिबडेवाललाई माशिक २३५०० ले १६४५०० भुक्तानी गरेको देखिएकोले उल्लेखित ब्यबस्था बिपरीत हुदा अनियमित देखिएको रु.</td><td>३५२०००</td></tr>
<tr><td>५२.</td><td>ईन्धन खर्चः अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७५ को बुदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई बिशिष्ट श्रेणि १०० लि माशिक ईन्धन ५ लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल सहसचिबलाई ७० लि माशिक ईन्धन ५ लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल र मोटरसाईकल माशिक १० लिटर पेट्रोल ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ ।नगरपालिकाले प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा,उल्लेखित प्रचलित कानून तथा नगरपालिकाको आफ्नो आन्तरिक आय रु १५८४४३३।०० भएको अबस्थामा पनि देहाय बमोजिम आ ब २०७६।७७ को बजेट पारीत गरेको नगर सभाबाट ईन्धन सुविधा पाउने गरी यथार्थ आबश्यकता भन्दा बढी मापदण्ड तयार गरेको देखिएको छ । सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध गराएको भएपनि र सवारी लकबुकको अनिबार्य व्यवस्था पनि गरेको छैन । यस वर्ष</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|

पदाधिकारी र कार्यालय प्रयोजन गरी ईन्धन रु ५१ लाख ५२ हजार ५ सय ३१ रुपैया खर्च भएको छ । लगबुक बेगर इन्धन खर्च समेत लेखेको देखिएकोले इन्धन आबश्यकताको यथर्थता नहुने हुदा खर्च मा मितव्ययीता एवं नियन्त्रणातमक पद्धती अवलम्वन गरीएको नदेखिदा उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| सि नं | पदाधिकारी तथा कर्मचारीको पद | ईन्धन सुबिधा मासिक |
|---|---|---|
| १ | नगर प्रमुख | ५०० लि डिजल |
| २ | उप प्रमुख | ३०० लि डिजल |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | ५०० लि डिजल |
| ४ | वडा अध्यक्ष | ६० लिटर पेट्रोल |
| ५ | कार्यपालिका सदस्य | ३० लिटर पेट्रोल |
| ६ | कार्यालयका शाखाप्रमुख | २५ लिटर पेट्रोल |
| ७ | नगरपालिकाका कर्मचारीहरु | २० लिटर पेट्रोल |

५३. **घरभाडाः** सार्बजिनक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम ४ मा सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय भाडा निर्धारण समिति रहने र सोहि नियमको उपनियम ७ र ८ बमोजिम समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घर जग्गा धनी सग सम्झौता गरी घर जग्गा भाडामा लिनुपर्ने ब्यबस्था छ ।नगरपालिकाले भाडा निर्धारण समितिको निर्णय बेगर नगरपालिकाको कार्यालय, वडा कार्यालय लगायत बिभिन्न प्रयोजनको लागी यस बर्ष रु १७१८३००।०० भाडा खर्च भुक्तानी भएको छ । भाडा निर्धारण समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि मात्र घर भाडा भुक्तानी गरीनुपर्दछ ।

५४. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। आफ्नो आन्तरीक आय न्युन अर्थात रु १५८४४३३।०० भएको अबस्थामा नगरसभाबाट देहाय बमोजिम खाजा र अतिथि सत्कार खर्च समेत स्विकृत गरी खाना खाजा तथा विविधतर्फ रु ६८६७१८५।६५ खर्च गरेको छ ।नगरपालिकाको आफ्नो आयश्रोत न्युन भएको अबस्थामा होटल तथा सुबिधाका खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| सि नं | पदाधिकारी तथा कर्मचारीको पद | खाजा सुबिधा मासिक | अतिथि सत्कार सुबिधा मासिक |
|---|---|---|---|
| १ | नगर प्रमुख | ० | १५००० |
| २ | उप प्रमुख | ० | ८००० |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | ५००० | १०००० |
| ४ | वडा अध्यक्ष | ० | २००० |
| ५ | कार्यपालिका सदस्य | ० | १५०० |
| | नगर सभासदस्य | ० | १००० |
| ६ | कार्यालयका शाखाप्रमुख | २५०० | ० |
| ७ | नगरपालिकाका कर्मचारीहरु | २५०० | ० |

५५. **सवारी भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सोहि नियमावलीको नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नु पर्नेमा एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने व्यवस्था छ ।नगरपालिकाले सबारी साधनको आवश्यकता खुलाई लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्र माग गरी गाडी भाडा खर्च लेख्नुपर्नेमा देहाय बमोजिम सिधै खरीद गरेको देखिएकोले नियमित नदेखिएको रु

रकम: १५४५५००

| गो भौ न मिति | आपुर्तक | बिबरण | रकम |
|---|---|---|---|

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६।२०७६।६।१०</td><td>रामश्रे राय स्कारपियो गाडी नंबर ३३९०</td><td>दैनिक भाडा रु२५००</td><td>१६२५००</td></tr>
<tr><td>९।२०७६।६।१५</td><td>श्री बैश आलम स्कारपियो गाडी नंबर ९२४८</td><td>दैनिक भाडा रु२५००</td><td>१५००००</td></tr>
<tr><td>७९।२०७६।९ ।११</td><td>दिपेश खन्ना स्कारपियो गाडी नंबर ५४४१</td><td>दैनिक भाडा रु ३०००</td><td>३९३०००</td></tr>
<tr><td>११३।२०७६।१०।२४</td><td>श्री बैश आलम स्कारपियो गाडी नंबर ९२४८</td><td>दैनिक भाडा रु२५००</td><td>३०००००</td></tr>
<tr><td>२१८।२०७७।३।३१</td><td>दिपेश खन्ना स्कारपियो गाडी नंबर ५४४१</td><td>दैनिक भाडा रु ३०००</td><td>५४००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५४५५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६.</td><td>
भरपाईः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जाच गर्नुपर्ने त्यस्तै उपनियम ३ मा बिल भरपाई समेतको लेखा राख्नुपर्ने ब्यबस्था छ ।नगरपालिकाले देहाय ब्यक्तीले पाउने रकम कम्प्युटर अपरेटर बिश्वनाथ रामको खातामा पठाएको देखिएकोले सम्बन्धित ब्यक्तीले बुझेको भरपाइ नभएको रु
<table>
<tr><th>गो भौ न</th><th>आपुर्तक</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>६।२०७६।६।१०</td><td>बेनी पंण्डीत</td><td></td><td>१०२००</td></tr>
<tr><td></td><td>रामश्रेय राय</td><td>गाडीभाडा</td><td>१४६२५०</td></tr>
<tr><td></td><td>बिहारीलाल चौधरी</td><td></td><td>५६५६७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२१३०१७</td></tr>
</table>
</td><td>२१३०१७</td></tr>
<tr><td>५७.</td><td>
जिन्सी किताबमा दाखिला–आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) अनुसार कार्यालयमा खरिद गरी प्राप्त हुन आएको सवै मालसामानको बिबरण र मूल्य समेत खुलाइ ७ दिन भित्र जिन्सी किताबमा आम्दानी बाँधि श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालेले निम्न भौ न र मिति वाट सामान खरिद गरी ल्याएका देहाय सामानको आपुर्तिकर्तालाइ भुक्तानी गरेकोमा ती सामानहरु जिन्सी किताबमा आम्दानी बाँधेको देखिएन ।नियमावलिको ब्यबस्था बमोजिम गत बर्षमा खरिद भएका सामान समेत जिन्सी किताबमा आम्दानी नबाँधिको भुक्तानी दिएको देखिएकोले जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>ब उ शि नं</th><th>गो भौ न</th><th>आपुर्तक</th><th>बिबरण</th><th>खर्च रकम</th></tr>
<tr><td>राजश्व बाडफाड</td><td>२१०।२०७७।३।३१</td><td></td><td>मोबाईल १</td><td>३४४६५</td></tr>
<tr><td>राजश्व बाडफाड</td><td>२१०।२०७७।३।३१</td><td>मनोकामना ट्रेड कन्सर्न एण्ड सप्लायर्स</td><td>मास्क १०००० सेनिटाईजर १० कार्टुन टोनर ११ पीस कार्पेट ७५ मिटर</td><td>२००४२३</td></tr>
<tr><td>राजश्व बाडफाड</td><td>२१०।२०७७।३।३१</td><td>ईलोक्ट्रोनिक प्लाजा</td><td>कार्पेट ८६१ मिटर टोनर १४</td><td>४९५४६७।</td></tr>
<tr><td>राजश्व बाँडफाँड</td><td>२११।२०७७।३।३१</td><td>मनोकामना ट्रेड कन्सर्न एण्ड सप्लायर्स</td><td>कार्पेट ४५० मिटर</td><td>२३५४९२।००</td></tr>
<tr><td>आन्तरीक आय खर्च खाता चालु</td><td>९।२०७७।३।२८</td><td>गौर मिडिया प्रा ली</td><td>नगरपालिकाको भिडियो डकुमेन्ट्री सी डी</td><td>२०००००</td></tr>
<tr><td>प्रकोप ब्यबस्थान</td><td>२२।२०७७।२।२१</td><td>पर्ल भेडिटेक प्रा लि</td><td>भी टी एम किट</td><td>३४२५६०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१५०८४०७</td></tr>
</table>
</td><td>१५०८४०७</td></tr>
<tr><td>५८.</td><td>सापटी हिसाब नगरपालिकाले सञ्चित कोषबाट स्विकृत बजेट बमोजिम आबश्यकता अनुसार चालु खर्च खाता पुजिगत खर्च खाताको लागी निकासा दिई खर्च नभई बचेको रकम आर्थिक बर्षको अन्तमा सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने कानुनी ब्यबस्था छ ।तर नगरपालिकाले पुजिगत खर्चखाताबाट देहायबमोजिम अन्य खर्चखातासंग सापटी लिनेदिने गरेको देखिएको छ । सञ्चित कोषबाट निकासा लिई कारोबार गर्नु पर्नेमा कानुन बिपरित सापटी हिसाब देखिएकोले उक्त हिसाब फरफारक गरीनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम |
|---|---|---|

| ब उ शि नं | गो भौ नं मिती | बिबरण | सापटी गएको रकम | सापटी प्राप्त रकम |
|---|---|---|---|---|
| राजश्व बाँडफाँड | २१५।२०७७।३।३१ | शिक्षा शिशु विकास कार्यक्रमलाई सापटी गएको | ४२४५३९ | ० |
| आन्तरीक आय चालु खर्च खाता | १२।२०७७।३।३१ | राजश्व बाडफाड खातालाइ सापटी | ६६७९९२।१५ | ० |

**आन्तरीक आय खर्च खाता**

५९. **मालसामानको निरीक्षणः** सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ११५ उपनियम १ बमोजिम आपुर्ति गरीएका मालसामानको सम्झौतामा उल्लेखित प्राबिधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण र परीक्षण गर्नुपर्ने ब्यबस्था भएकोमा प्राबिधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण र परीक्षण भएको देखिएन ।

| गो भौ न | आपुर्तक | बिबरण | खर्च रकम |
|---|---|---|---|
| ३।२०७६।१२।२४ | सिक्युरिटी बल्डर्स गौर | कम्प्युटर ल्याबटप टि भि | ११४६०६३ |
| ४।२०७६।१०।२६ | न्यु ईलेक्ट्रोनिक्स प्लाजा | सडक बत्ती | १३४०६६७ |
| | | जम्मा | २४४६७३० |

६०. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु ११३५९५.कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ४।२०७६।१०।२६ | न्यु ईलेक्ट्रोनिक्स प्लाजा गौर | ६०२५८६०५६ | १३४०६९७ | २२७१९० | ११३५९५ |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. ११३५९५

**विपद् व्यवस्थापन**

६१. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

६२. **कार्य योजना —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ ।

६३. **विपद् व्यवस्थापन कोष —**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले प्रदेश बाट सञ्चित कोषबाट रु १५००००० स्थानिय तहको आफ्नै बजेटबाट रु ३४५००००० समेत रु. ३६०००००० आम्दानी भई राहत बितरणमा रु.१४५४४११३।४० क्वारेन्टइन तथा होल्डीङ सेन्टर ब्यबस्थापनमा २२७५३७४ आइसोलेसन सेन्टर निर्माण

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>१३२४७१२।०० औषधि तथा स्बास्थ उपकरणमा रु ३५२५६० अन्य शिर्षकबाट १३९७०४५०।९१ गरी कुल रु ३५७२३४६० खर्च गरी बाँकी रु. २७६५४० भएको र क्वारेन्टाईन सञ्चालन ब्यबस्थापनमा रु ८२४६८४२२।०० भुक्तानी दिन बाकी कच्चाबरी बिबरण रहेको देखाएको छ ।</td><td></td></tr>
<tr><td>६४.</td><td>क्वारेन्टीन स्थापनाः नगरपालिकाले २० वटा मा बि / प्रा बि / मदरसा / आदीमा कुल २०३ वेडको क्वारेन्टीन/ होल्डिग सेन्टर र नेपाल भारत सिमानामा ६ बटा हेल्प डेस्क समेत निर्माण व्यवस्थापनमा रु २२७५३७४।०० स्थापना बापत खर्च भएको छ।</td><td></td></tr>
<tr><td>६५.</td><td>क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापनः कोरोना भाइरस (covid 19)सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ को बुदा ११ उपबुदा २ मा क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको प्रतिदिन प्रतिव्यक्ति क्वारेण्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर बमोजिमको खाना खाजा खर्च उपलब्ध गराइने र त्यस्तै बुदा ११ उपबुदा ३ मा क्वारेण्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खाजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिने ब्यबस्था छ । नगरपालिकाले देहाय बमोजिम क्वारेन्टीनको लागी भान्छे, तरकारी, मासु, पानी लगायतका खाद्यन्न क्वारेन्टीनको लागी खरिद गरेकोमा प्रतिस्पर्धा बेगर खरिद भएको र क्वारेण्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खाजा खाना सुरक्षा निकायबाट व्यवस्थापन नगरिएकोले उल्लेखित कार्य मापदण्ड मापदण्ड २०७६ बमोजिम भएको नदेखिएको रु
<table>
<tr><th>गो भौ न मिति</th><th>आपुर्तक</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>४।२०७७।१।२</td><td>रामबाबु साह,सत्यदेब राउत र गरीब साह</td><td>जनता मा बि क्वारेन्टाईन भान्छे को पारीश्रमिक</td><td>८८३३५।००</td></tr>
<tr><td>९।२०७७।२।८</td><td>सिन्हा टेडर्स</td><td>ग्यास सिलिण्डर्स ६६ बटा</td><td>९००९०।००</td></tr>
<tr><td>१९।२०७७।२।१८</td><td>रामबाबु साह,सत्यदेब राउत र गरीब साह</td><td>क्वारेन्टाईन भान्छे को पारीश्रमिक</td><td>९०२८८</td></tr>
<tr><td>२३।२०७७।२।२२</td><td>बिभिन्न</td><td>जनता मा बि क्वारेन्टाईनमा तरकारी,दुध, मासु</td><td>१२१२००</td></tr>
<tr><td>२४।२०७७।२।२५</td><td>बिभिन्न</td><td>५वटा क्वारेन्टाईन सञ्चालन</td><td>२०००००</td></tr>
<tr><td>२५।२०७७।२।१६</td><td></td><td>क्वारेन्टाईन मासु</td><td>१०३८००</td></tr>
<tr><td>२७।२०७७।३।४</td><td>बिभिन्न</td><td>क्वारेन्टाईन सञ्चालन मासु च्युरा पानि</td><td>१४२१६०</td></tr>
<tr><td>३२।२०७७।२।१२</td><td></td><td>जनता मा बि क्वारेन्टाईन खानेपानी बिस्कुट चाउचाउ</td><td>३९९१३५</td></tr>
<tr><td>३६।२०७६।३।२५</td><td>राजहुमार किराना पसल</td><td>जनता मा बि क्वारेन्टाईन खाद्यन्न</td><td>४६६४६०</td></tr>
<tr><td>३७।२०७७।३।३१</td><td></td><td>क्वारेन्टाईन भान्छे र सहयोगी को पारीश्रमिक</td><td>२२२३२८५।००</td></tr>
<tr><td>४०।२०७७।३।२८</td><td></td><td>बिभिन्न क्वारेन्टाइन खर्च</td><td>३०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४२२४७४३</td></tr>
</table></td><td>४२२४७४३</td></tr>
<tr><td>६६.</td><td>राहत वितरणः नगरपालिकाले राहत दिनुपर्ने परीवारलाई चामल दाल लगायतका बिभिन्न आइटमका रु १ करोड ४५ लाख ४४ हजार ११३ का राहत सामाग्री वितरण गर्न विशेष परीस्थितिका कारण सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १४५ उपनियम २ बमोजिम ३ दिने सुचना प्रकाशन गरी खरिद गरेपनि उपनियम ३ बमोजिम त्यसरी खरिद भएको बिबरणको जानकारी सार्बजनिक खरिद अनुगमन कार्यालयलाई पठाएको देखिएन ।साथै खरिद भएका खाद्यन्न सामान निर्धारीत स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण परिक्षण गराई सो प्रतिबेदन लिएको पाइएन ।शान्ती जनरल अर्डर सप्लायर्स र जयमा लक्ष्मी टेडर्स एण्ड जेनेरल सप्लायर्स बाट खरिद गरी ल्याएको चामल कतनी २४२५० के जि चामल मन्सुली १७७८०८ के जी मुसुरो दाल १४६२५ तोरीको तेल ८५७१ लि सोयबिन तेल १२८९ लि र नुन १०००० के जी मध्ये देहाय बमोजिम २००३६० के जि चामल २००३६ के जि दाल १००१८ लि तेल र १००१८ के जी नुन बितरण भएको पेश भएको भरपाईबाट देखिएको छ । खरिद भन्दा घटी बितरण भएको १६९८ के जि चामल को रु १३७५३८।०० बितरण गरेको भरपाई पेश गर्नुपर्ने गरिनुपर्ने रु
<table>
<tr><th>वडा न</th><th>राहत बितरित परिबार</th><th>बितरित सामान</th></tr>
<tr><td>१</td><td>६०३</td><td>२० के जि चामल २केजि दाल १केजि नुन १लि तेल सेनेटाईजर १ साबुन १ र मास्क २</td></tr>
</table></td><td>१३७५३८।००</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २ | १५६० | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल |
| ३ | १०१० | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल |
| ४ | १२३४ | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल |
| ५ | ११३३ | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल सेनेटाईजर १ साबुन २ कपडा धुने २ हेण्डवास १ र मास्क २ |
| ६ | ८४० | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल सेनेटाईजर २ साबुन ४ र मास्क ४ हैण्ड वास १ |
| ७ | ९०० | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल |
| ८ | १६३७ | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल सेनेटाईजर २ साबुन ५ र मास्क ३ हैण्ड वास १ |
| ९ | ११०१ | २० के जि चामल २केजि दाल १केजि नुन १लि तेल सेनेटाईजर १ साबुन २ र मास्क ३ |
| जम्मा | १००१८ | |

६७. **स्वास्थ्य सामाग्री खरिद** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्चको बिल भरपाई समेतको लेखा राख्नुपर्ने व्यबस्था छ ।नगरपालिकाले स्वास्थ्य सामाग्रीहरु जस्तै सेनिटाईजर कपडा मास्क डिटोल साबुन देहाय बमोजिम खरिद गरेकोमा बितरण गरेको भरपाइ पेश गरेको नदेखिएको रु

रकम: ११४०३०६३

| गो भौ न मिति | आपुर्तक | बिबरण | रकम |
|---|---|---|---|
| ३०।२०७६।३।११ | मा लक्ष्मी ट्रेड एण्ड सप्लायर्स | सेनिटाईजर १८६५६*२४०<br>डिटोल साबुन ५६९०*३९<br>कपडा मास्क २८२१६*३५<br>सर्जिकल ग्लोब ४२५२*२४<br>हैण्ड वास २४५६*१७९ | ७३०९४९७ |
| ३४।२०७७।३।१२ | गौरब ईम्पेक्स | सेनिटाईजर ६२६५* ३०० ६१०<br>कपडा मास्क ३९९२५*३५<br>झुल ३०० *५२५<br>कार्पेट ५ रोल *१४४०० | ४०९३५६६।०० |
| | | जम्मा | ११४०३०६३ |

६८. **ईन्धन खर्चः** असलम आयल स्टोरलाइ गो भौ नं ३९।२०७६।३।२६ बाट रु ४१९९९१ भुक्तानी भएको इन्धन खर्चको सबारी लग बुक नभएकोले सबारी लग बुक पेश गर्नु पर्दछ ।

६९. **जोखिम भत्ताः भत्ताः**कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को दफा ७ मा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्तिलाइ शुरु तलब स्केलको १०० प्रतिशत, उपचारमा अप्रत्यक्ष संलग्न र ईमेजिङ्ग सेवा प्रदायक जन शक्तिलाई ७५ प्रतिशत र भारत र चीनका नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटाएका जनशक्ति तथा नमूना प्याकिङ्ग तथा ओसार पसार र बिरामीहरुको ओसार पसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई शुरु तलब स्केलको ५० प्रतिशत जोखिम भत्ता दिने ब्यबस्था छ ।नगरपालिकाले देहाय पदाधिकारी तथा कर्मचारीलाई जोखिम भत्ता बापत रु ५४७११३ खर्च लेखेको छ । उक्त कार्यबिधि बिपरीत जोखिम भत्ता बितरण गरेको कार्यलयले एकिन गरी असुल गर्नुपर्दछ ।

| गो भौ न | भुक्तानी लिने | बिबरण | भत्ता रकम |
|---|---|---|---|
